# पहिलो अध्याय

# शोधकार्यको परिचय

# पहिलो अध्याय

## १. शोधकार्यको परिचय

### १.१ शोध-शीर्षक

साहित्यका विभिन्न विधाहरूमध्ये आख्यान (कथा र उपन्यास) एउटा हो। साहित्य लेखनको मूल आधार समाज हो भने समाजका विविध घटक र तत्त्वहरूलाई लिएर सम्पूर्ण सामाजिक संरचनामाथि साहित्य सृजनकार्य आधारित हुन्छ। समाजका विविध पक्षहरूको दृश्य-अदृश्य, मूर्त-अमूर्त अनेक सौन्दर्यहरू चित्रण गर्ने हुनाले साहित्य सामाजिक गतिविधिहरूको विराट रङ्गशाला हो। यस्ता बहुआयामी समाजका विविध सौन्दर्य अध्ययन गर्नका निम्ति साहित्यका तत्त्वहरू उपयोगी मानिन्छन्। विषयवस्तु साहित्यका प्रमुख तत्त्वहरूमध्ये एउटा हो। प्रदीप गुरुङ भारतीय नेपाली साहित्यका विशिष्ट आख्यानकार हुन्। उनका आख्यानात्मक कृतिहरूमा विषयको विविधता पाइन्छ। प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूको विषयपरक अध्ययन गर्दा शोधको क्षेत्रमा नयाँ परिणति प्राप्त हुने सम्भावना प्रबल रहेको देखी प्रस्तुत शोधकार्यको शीर्षक 'प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन' राखिएको छ।

### १.२ शोध समस्या कथन

प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूसम्बन्धी पूर्व प्रकाशित परिचयात्मक, समालोचनात्मक र विश्लेषणात्मक लेखोटहरू पाइन्छन्। उनका आख्यान-कृति सम्बन्धी विश्वविद्यालयको स्नातकोत्तर तहका सङ्गोष्ठी पत्र र एम फिल तहका लघु शोधप्रबन्धहरू लेखिए तापनि प्रदीप गुरुङका आख्यान-कृति हरूसम्बन्धी विद्यावारिधि तहको अध्ययन भएको पाइँदैन। अतः यसै विषयमा केन्द्रित रही प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूमा पाइने समस्याहरूको निम्नलिखित समाधान गर्ने उपक्रम रहेको छ-

- आधुनिक भारतीय नेपाली आख्यानमा के कस्ता विषयहरू समेटिएका छन्?

- आधुनिक भारतीय नेपाली साहित्यमा प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूको के कस्तो प्रभाव रहेको छ?
- प्रदीप गुरुङको आख्यान लेखनका विशेषताहरू के के हुन्?
- प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूमा पाइने उपलब्धिहरू के के हुन्?
- सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, आञ्चलिक, मनोवैज्ञानिक, प्रेम-प्रकरण, जातीय चेतना, पर्यावरण चेतना, भिन्न क्षमता आदि विविध पक्ष र दृष्टिका आधारमा प्रदीप गुरुङका आख्यान-कृतिहरूको गहन अध्ययन।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूको विषयपरक अध्ययन र विश्लेषण गर्नु रहेको छ। उनका आख्यानहरूमा अन्तर्निहित सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, आञ्चलिक, मनोवैज्ञानिक, प्रेम-प्रकरण, जातीय चेतना, पर्यावरण चेतना र भिन्न क्षमताजस्ता विविध विषयहरूको अध्ययन यस शोधकार्यको प्रमुख उद्देश्य हो। उपर्युक्त उद्देश्यलाई साकार तुल्याउन निम्न पथ अवलम्बन गरिएको छ-

- आधुनिक भारतीय नेपाली आख्यानहरूमा प्रयुक्त विषयपरक अध्ययनको संक्षिप्त परिचय राख्नु।
- भारतीय नेपाली आख्यान लेखनमा प्रदीप गुरुङको स्थान निर्धारण गर्नु।
- भारतीय नेपाली साहित्यमा पहिलो सूत्र उपन्यासको रूपमा परिचित **पोस्टर र लात**को विषयपरक महत्त्व निर्धारण गर्नु।

- प्रदीप गुरुङका आख्यान साहित्यको विषयपरक अध्ययनअन्तर्गत दार्जिलिङ र तराइ-डुवर्स क्षेत्रमा बसोबास गर्ने नेपालीभाषी तथा नेपाली भाषेतर समाजमाझ अन्तर्जातीय सम्बन्ध, सांस्कृतिक सम्बन्ध र सम्पर्कको अध्ययन गर्नु।
- उत्तर बङ्ग विश्वविद्यालयको कला, वाणिज्य तथा ऐन सङ्कायअन्तर्गत शोधकार्य सम्पन्न गरी विद्यावारिधि (पिएच डी) प्राप्त गर्नु।

## १.४ पूर्वकार्यको सर्वेक्षण

प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूका विविध पक्ष-पक्षान्तर र पूर्वकार्यहरूको सर्वेक्षणको सार- **असुरक्षित** कथा सङ्ग्रहको भूमिकामा सुवास दीपकले सङ्गृहीत कथाहरूबारे परिचयात्मक टिप्पणी गर्दै प्रदीप गुरुङलाई आञ्चलिक र समवेदनशील कथाकार मानेका छन्।[१] **यस्तै अनि यस्तै** कथा सङ्ग्रहको भूमिकामा जीवन नामदुंगले प्रदीप गुरुङलाई आधुनिक चेतना रहेको समवेदनशील कथाकार मानेर उनका कथाहरूमा जातीय इतिहासको पीडा, सामाजिक विषमता, राजनैतिक व्यङ्ग्य र विद्रोह अनि बालबालिकाहरूप्रति समवेदना रहेको कुरो उल्लेख गरेका छन्।[२] **बिरिमफूल** कथा सङ्ग्रहको भूमिकामा हाइमनदास राई 'किरात'-ले प्रदीप गुरुङलाई जीवन जगत्का विविधताको विवेचना गर्ने द्रष्टा मानेका छन्।[३] **वैरीमाया** कथा सङ्ग्रहको भूमिकामा सपन प्रधानले प्रदीप गुरुङका कथाहरूको साँचो पात्र हामी आफै हौं, जसमा हामी प्रत्येकको चरित्र प्रदर्शन भएको मान्छन्।[४] सिताराम काफ्लेले **विमर्श विमर्श** अन्तर्गत रहेको 'प्रदीप गुरुङ र बिरिमफूल' लेखमा प्रदीप गुरुङलाई जीवनका यथार्थ चित्रण गर्ने कथाकार मानेका छन्।उनले यस लेखमा **बिरिमफूल** कथा सङ्ग्रहलाई सामाजिक, सांस्कृतिक,

---

[१]प्रदीप गुरुङ, सन् १९८०, **असुरक्षित**, गान्तोक, भानु शालिग निर्माण समिति, पृष्ठ क
[२]प्रदीप गुरुङ, सन् २००१, **यस्तै अनि यस्तै**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, पृष्ठ ग
[३]प्रदीप गुरुङ, सन् २००७, **बिरिमफूल**, गोरुबथान, कथार्थ प्रकाशन, पृष्ठ क
[४]प्रदीप गुरुङ, सन् २०१६, **वेरी माया**, गोरुबथान, नव युग नेपाली पुस्तक मन्दिर, पृष्ठ ज

राजनैतिक र ऐतिहासिक पक्षहरूको आधारमा विश्लेषण गरेका छन्।[५] इन्द्रबहादुर छेत्रीले **केही साहित्यिक समीक्षा** पुस्तकको 'समसामयिक भारतीय नेपाली कथामा सामाजिक आर्थिक चित्रण' लेखमा बिरिमफूल कथा सङ्ग्रहमा निम्नवर्ग र निम्न मध्यमवर्ग समाजको आर्थिक पक्षहरू केलाएका छन्।[६] जीवन नामदुंगले **भूमिका कतिपय** पुस्तकको 'प्रकर्षः प्रदीप गुरुङका कथाहरू' लेखमा **यस्तै अनि यस्तै** कथा सङ्ग्रहका कथाहरूको सामान्य टिप्पणी गरेका छन्।[७] कविता लामाले **अनुशीलन** ग्रन्थ अन्तर्गत 'सन्दर्भ कथाः एक अवलोकन प्रदीप गुरुङको' लेखमा प्रदीप गुरुङका कथाहरूसम्बन्धी चर्चा गर्दै उनलाई मूलतः सामाजिक यथार्थवादी प्रवृत्तिका कथाकार माने तापनि अन्य कतिपय कथाहरूमा चाहिँ व्यङ्ग्य चेत तथा प्रगतिवादी, प्रयोगवादी र मनोवैज्ञानिक प्रवृत्तिहरू रहेको उल्लेख गरेकी छन्।[८] **पोस्टर र लात** उपन्यासको भूमिकामा कविता लामाले यस उपन्यासलाई भारतबाट प्रकाशित पहिलो सूत्र उपन्यास मानेकी छन्।साना-साना सूत्र कथाहरूको सङ्कलन रहेको यस उपन्यासमा क्षेत्रीय, राष्ट्रिय र अन्तार्राष्ट्रिय तथा समकालीन विविध विषयहरू तथा दार्जिलिङ, तराइ र डुवर्समा समय समयमा भएका जातीय आन्दोलनसम्बन्धी चर्चा रहेको कुरो लामाले उल्लेख गरेकी छन्।[९] प्रदीप गुरुङको **पोस्टर र लात** सूत्र उपन्यासको पत्रात्मक पृष्ठमा हायमनदास राई 'किरात'-ले प्रदीप गुरुङलाई कथा विधाका प्रखर सचेतक लेखक मानेका छन्।[१०] सपन प्रधानले **कृति-कीर्ति** पुस्तकमा 'बिरिमफूल'-का केही कथाहरूमा मनोविश्लेषणात्मक प्रयोग' र 'प्रयोगपरक उपन्यास पोस्टर र लातको विवेचना' शीर्षकका दुईवटा लेखहरू लेखेका छन्।पहिलो

[५]सिताराम काफ्ले, सन् २००९, **विमर्श विमर्श**, कालेबुङ, उपमा पब्लिकेशन, पृष्ठ १९।

[६]इन्द्रबहादुर छेत्री, सन् २००९, **केही साहित्यिक समीक्षा**, सिलगढी, ग्राफिक प्रिण्टर्स, पृष्ठ ४२।

[७]जीवन नामदुंग, सन् २००९, **भूमिका कतिपय**, दार्जिलिङ, प्रेमफूल प्रकाशन, पृष्ठ १७९।

[८]कविता लामा, सन् २०१०, **अनुशीलन**, दार्जिलिङ, माया प्रकाशन, पृष्ठ १०३।

[९]प्रदीप गुरुङ, सन् २०१०, 'सूत्र उपन्यास पोस्टर र लातः युगान्तर स्वर', **पोस्टर र लात**, कालेबुङ, चन्द्र गुरुङ, पृष्ठ ३।

[१०]प्रदीप गुरुङ, पूर्ववत्, पृष्ठ १३।

लेखमा 'शहर पसेकी कान्छी' र 'बिरिमफूल' कथालाई मनोवैज्ञानिक दृष्टिले अध्ययन गरेका छन् भने दोस्रो लेखमा सूत्र उपन्यास लेखनको परिचय राखेर **पोस्टर र लात**को विवेचना गरेका छन्।[११] **नेपाली अकादमी जर्नल**मा सपन प्रधानले 'प्रयोगात्मक लेखनका सन्दर्भमा सूत्र उपन्यास पोस्टर र लातको साङ्केतिक विवेचना' शीर्षकका आलेखमा भारतेली उपन्यास लेखनको संक्षिप्त परिचय केलाइ **पोस्टर र लात**को प्रयोगात्मक ढाँचाबारे विवेचना गरेका छन्।[१२] **भारतीय नेपाली साहित्यको इतिहास** पुस्तकमा असीत राईले प्रदीप गुरुङलाई भारतीय नेपाली कथा साहित्यका वरिष्ठ कथाकार मानेका छन्।[१३] **नेपाली साहित्यको परिचयात्मक इतिहास** पुस्तकमा घनश्याम नेपालले समकालीन नेपाली कथाकारहरूको लहरमा प्रदीप गुरुङको नाम पनि उल्लेख गरेका छन्।[१४] केदार गुरुङले 'प्रदीप गुरुङको पोस्टर र लात उपन्यासको चेवा चर्चा' शीर्षकमा प्रदीप गुरुङलाई गोरुबथानको हायमनदास राई 'किरात' पछिका वरिष्ठ कथाकारको रूपमा परिचय गराइ उनको **पोस्टर र लात** पुस्तकको निरूपण गरेका छन्।[१५] राजबहादुर राईले 'कथाकार प्रदीप गुरुङको मूक माया' शीर्षकको लेखमा प्रस्तुत कथाको पात्र लाटोको अन्तरङ्ग पक्षको चित्रण मनोवैज्ञानिक ढङ्गमा गरेका छन्।[१६] त्रिभुवन विश्वविद्यालयको नेपाली विभागको स्नातकोत्तर तहको सङ्गोष्ठी-पत्रमा दुर्गा राई चामलिङले 'प्रदीप गुरुङको व्यक्तित्व र कृतित्व' शीर्षकमा उनका जीवन र लेखनका विविध कोण-प्रतिकोणहरू

---

[११]सपन प्रधान, सन् २०११, **कृति-कीर्ति**, दार्जिलिङ, श्याम प्रकाशन, पृष्ठ ५९, १०१।

[१२]सपन प्रधान, मार्च २०१५, 'प्रयोगात्मक लेखनका सन्दर्भमा सूत्रउपन्यास पोस्टर र लातको साङ्केतिक विवेचना', मोहन पी दाहाल (सम्पा), **नेपाली अकादमी जर्नल**, वर्ष ११, अङ्क ११, सिलगढी, उत्तर बङ्ग विश्वविद्यालय, पृष्ठ १४२।

[१३]असीत राई, सन् २००४, **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृष्ठ २३७।

[१४]घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी, एकता बुक हाउस प्रलि, पृष्ठ २४८।

[१५]केदार गुरुङ, सन् २०११, **अस्रोत स्रोतहरूका प्रतिस्रोतहरू**, सिक्किम, सर्वगंगा प्रकाशन, पृष्ठ १९३।

[१६]राजबहादुर राई, १९ जून २०२१, 'कथाकार प्रदीप गुरुङको मूक माया', शिबु छेत्री (सम्पा), **हिमालय दर्पण**, वर्ष २०, अङ्क १२९, सिलगढी, सन्दीप चौधरी, पृष्ठ ६।

केलाएका छन्।[१७] उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागको एम फिल तहको लघु शोधप्रबन्धमा कामना लामाले 'प्रदीप गुरुङका कथाहरूमा पाइने लोकतत्त्वका आधारहरू केलाएकी छन्।[१८] उपयुक्त सर्वेक्षणद्वारा आजसम्म प्रदीप गुरुङका आख्यानात्मक कृतिहरूको व्यापक र गहन अध्ययन नभएको स्पष्ट हुन्छ।

### १.५ शोधकार्यको आवश्यकता र औचित्य

नेपाली साहित्यको इतिहासमा प्रदीप गुरुङलाई आख्यानकारका रूपमा चिनिन्छ। उनका प्रकाशित चारवटा कथा सङ्ग्रह (**असुरक्षित, यस्तै अनि यस्तै, बिरिमफूल, वैरी माया**)-मा जम्मा पैँसट्ठीवटा कथाहरू र सूत्र उपन्यास **पोस्टर र लात**मा १३९ वटा सूत्र कथाहरू सङ्गृहीत छन्। यी आख्यानात्मक कृतिहरूमा मानव समाजका विविध पक्ष-पक्षान्तरहरू विषयवस्तुका रूपमा समावेश गरिएको पाइन्छ। निम्नवर्ग र निम्न मध्यमवर्गीय जनजीवनको यथार्थ चित्रण गरिएका कथाहरू अधिक सङ्ख्यामा छन्। मानिसले भोगिरहेका आर्थिक सङ्कट, सामाजिक सङ्घर्ष, मानसिक तनाव उनका आख्यानहरूमा सूक्ष्म प्रकारले खिपिएका छन्। अतः उनका आख्यानात्मक कृतिहरूमा सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, नैतिक, मनोवैज्ञानिक परिवेशको विस्तार व्यापक छ। उनका आख्यानमा विषयको विचित्रता पाइन्छ। यद्यपि आजपर्यन्त भारतीय नेपाली आख्यानकारका रूपमा गुरुङका आख्यानात्मक कृतिहरूले समेटेका विविध विषयहरूलाई एउटा मूल विषय बनाएर औपचारिक रूपले अध्ययन भएको पाइँदैन। तसर्थ यस कार्यमा उनका आख्यान-कृतिहरूको विषयपरक अध्ययनले नेपाली साहित्यमा उनका अलग वैशिष्ट्य उपलब्ध हुने सम्भावना देखिएको छ।

---

[१७]दुर्गा राई चामलिङ, सन् २०१६, **प्रदीप गुरुङको व्यक्तित्व र कृतित्व,** स्नातकोत्तर अप्रकाशित सङ्गोष्ठी-पत्र, नेपाल, त्रिभुवन विश्वविद्यालय

[१८]कामना लामा, सन्, २०१३, **प्रदीप गुरुङका कथाहरूमा लोकतत्त्व,** एमफिल अप्रकाशित लघु शोधप्रबन्ध, सिलगढी, उत्तर बङ्ग विश्वविद्यालय

## १.६ विषयगत अवधारणा र सैद्धान्तिक स्वरूप

तत्सम शब्द 'आख्यान'-को सामान्य अर्थ बयान, वर्णन वा वृत्तान्त हो। कुनै काल्पनिक, ऐतिहासिक अथवा साहित्यिक रचना (कथा, उपन्यास)-लाई आख्यान भनिन्छ। काव्य, नाटकजस्ता साहित्यिक विधा पनि आख्यानपरक हुन्छन्। प्राचीन कालदेखि नै साहित्यमा प्रचलित रहिआएको आख्यानको अस्तित्व सार्वकालिक र सार्वदेशीय छ। समाजमा जसरी जीवन विद्यमान हुन्छ, त्यसरी नै आख्यान पनि विद्यमान रहन्छ। यसकारण आख्यान साहित्यको एउटा लोकप्रिय विधा बन्न पुगेको मानिन्छ।[१९] आख्यानका उपकरणहरूमध्ये वस्तु एउटा हो। वस्तु भनेको कुनै रचना, कृतिको विषयवस्तु बुझिन्छ।[२०] 'विषय' शब्दमा 'परक' परसर्ग लागेर विषयपरक पद निर्माण भएको छ। 'परक' शब्दले त्यससँग सम्बन्धित अथवा सम्बद्ध भन्ने अर्थ बुझाउने हुँदा विषयपरक भन्नाले विषयसम्बन्धित, विषयसँग सम्बद्ध भन्ने अर्थबोध हुन्छ। **प्रयोगात्मक नेपाली शब्दकोश** अनुसार कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरालाई विषयवस्तु भनिएको छ। अथवा कथा, कविता, लेख आदिमा चर्चा गरिएको मुख्य घटना नै विषय हो।[२१] आख्यान कृतिका उपकरणहरूमध्ये विषयवस्तु मुख्य मानिन्छ। यो कृतिको सम्पूर्ण संरचना निर्माणको जग हुनाले विषयवस्तुलाई कृतिको अस्तित्व प्रदान गर्ने महत्त्वपूर्ण तत्त्व मानिन्छ। आख्यान-कृतिमा कथाको उपस्थिति अनिवार्य रहने हुनाले यसलाई कथावस्तुको मेरुदण्ड पनि मान्न सकिन्छ। नाटकको सन्दर्भमा कथावस्तुलाई एरिस्टोटलले 'आत्मा' र भरतमुनिले 'शरीर' भनेका छन् भने अन्य विद्वान समालोचकहरूले यसै शब्दको समान भावमा कथावस्तुलाई आख्यानको प्राणतत्त्व समेत मानेका छन्। वर्तमान समयमा कथावस्तुलाई गौण ठाने तापनि आख्यानमा यसको पूर्णतया वहिष्कार भने भइसकेको

---

[१९]प्रतापचन्द्र प्रधान, सन् १९८३, **नेपाली कथावलोकन**, दार्जिलिङ, दीपा प्रकाशन, पृष्ठ १।

[२०]हेमङ्गराज अधिकारी (प्र सम्पा), विस २०६१, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं, विद्यार्थी प्रकाशन, पृष्ठ ८९८।

[२१]हेमङ्गराज अधिकारी (प्र सम्पा), पूर्ववत्, पृष्ठ ९२२।

छैन।[२२] अतः जुनसुकै रूपमा उपस्थित भए पनि कृतिमा कथावस्तुको अनिवार्यता नकार्न सकिन्न। वस्तुतः कथावस्तु नै कथा वा घटनाको सारांश हो। जीवनजगत्का यावत् विषयवस्तु अर्थात् संसारमा भएका धुलोको एउटा कणदेखि लिएर आकाशका तारामण्डल तथा भूगोल, इतिहास, प्रकृति, संस्कृति, प्रेम, धर्म, अनुभूति, मनोभाव, स्वभाव आदि कुनै पनि विषयलाई विषयवस्तुका रूपमा प्रयोग गर्न सकिन्छ। आख्यानमा कथावस्तुको उपस्थिति क्षीण हुनसक्छ तर शून्य भने हुनसक्तैन। जसरी आख्यानात्मक कृतिमा कथाको उपस्थिति अनिवार्य रहन्छ उसरी नै कथा हुनको निम्ति कथावस्तु अनिवार्य हुन्छ। कृतिभित्र रहेको घटना कथावस्तु हो भने त्यस घटनालाई कार्य र कारणद्वारा पुष्टि गर्ने निष्कर्ष कथानक हो। कथावस्तु र कथानक आख्यानको शरीर हो। कथामा समयको क्रमिक गति मात्र हुन्छ तर कथानकमा क्रमिक गतिका साथै तर्क, बुद्धि, कल्पना आदिको प्रयोग गरी पाठकको मनमा उत्सुकता जगाउने काम गरेको हुन्छ भन्ने कृष्णहरि बरालको विचार रहेको छ।[२३] प्रदीप गुरुङको आख्यान लेखनमा मूलतः दार्जिलिङ, तराइ, डुवर्स क्षेत्रसम्बन्धित सामाजिक जनजीवन, निम्नवर्ग र निम्न मध्यमवर्गीय चरित्र र तिनीहरूको जीवन सङ्घर्षका विविध पाटाहरू तथा नेपाली तथा गैरनेपाली (सादरी, बङ्गला, हिन्दी, भोजपुरी) भाषा-भाषीहरूसितको पारस्परिक सम्बन्ध र सहचर पाइन्छ। यसका अतिरिक्त मानवीय समाजलाई प्रभावित पार्ने आर्थिक, शैक्षिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, मनोवैज्ञानिक परिवेशलाई विषयवस्तु बनाएका छन्। यसै विषयमा केन्द्रित रहेर प्रस्तुत शोधकार्यमा शोध नायकका आख्यानात्मक कृतिहरूको विविध विषयहरू सम्बन्धी विवेचना गरिएको छ।

---

[२२] मोहनहिमाँशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृष्ठ १२१-१२२।

[२३] कृष्णहरि बराल र नेत्र एटम, विस २०५८, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर, साझा प्रकाशन, पृष्ठ २३।

## १.७ शोधकार्यको क्षेत्र र सीमा

यस शोधकार्यमा प्रारम्भदेखि सन् २०१९-सम्म प्रकाशित भएका प्रदीप गुरुङका आख्यानहरूमा पाइने विविध पक्ष पक्षान्तरलाई विषयका सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका निम्ति निम्न प्रकारका शोधविधिहरू प्रयोग गरिएको छः

## १.९ सामग्री सङ्कलन विधि

यस कार्यको निम्ति निम्न दुई प्रकारका सामग्री सङ्कलन विधि ग्रहण गरिएको छः

### १.९.१ पुस्तकालयीय विधि

शोध विषयसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका, शोधपत्र, जीवनी, दैनन्दिनी आदिको अवलोकन गरेर आवश्यक सामाग्री सङ्कलन गरिएको छ। यसका निम्ति उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय ग्रन्थागार, देवकोटा सङ्घ ग्रामीण पुस्तकालय (सिलगढी), परिमल मित्र स्मृति महाविद्यालयको पुस्तकालय (माल), गोरुबथान ग्रामीण पुस्तकालय (मालबस्ती), गोर्खा जनपुस्तकालय (खरसाङ), बिजनबारी टाउन लाइब्रेरी (बिजनबारी) आदिको उपयोग गरिएको छ।

### १.९.२ क्षेत्रकार्य विधि

क्षेत्रकार्य अध्ययन विधिमा विषयसँग सम्बन्धित उपयोगी छोटा छरिता र वस्तुनिष्ठ उत्तर प्राप्त गर्ने उद्देश्य राखेर प्रश्नावली उपकरणको उपयोग गरिएको छ। आख्यानकार प्रदीप गुरुङको निजी बासस्थान (कालेबुङ, पन्ध्र माइल) तथा उनले अध्यापन गरेको युद्धवीर उच्चतर माध्यमिक विद्यालय (गोरुबथान)-का शिक्षक र शिक्षण कर्मीहरू, उत्तरे बस्तीका समीर राई 'शान्ति' र हाइमनदास राई 'किरात'को परिवारसितको भेटघाट निकै फलप्रद भएको छ।

प्रश्नावली विधिको प्रयोगमा व्यक्तिगत आक्षेप, विवाद सृष्टि गर्ने तथा अस्पष्ट र असान्दर्भिक प्रश्नहरू सोधिएको छैन। क्षेत्रकार्य अन्तर्गत अन्तर्वार्ता विधिको प्रयोग पनि गरिएको छ। यसमा निर्देशित र अनिर्देशित दुवै प्रकारका विधि ग्रहण गरे तापनि प्रदीप गुरुङसित स्तरीय प्रविधिद्वारा पूर्व निर्धारित प्रश्नहरू तयार गरी लिएको अन्तर्वार्ता शोधप्रबन्धको अन्तिम पृष्ठमा राखिएको छ। यसका अतिरिक्त प्रदीप गुरुङसँगको भेटघाटमा उनका व्यक्तिगत धारणा, मान्यता, अनुभव आदि बुझेर त्यसबाट आवश्यक सूचनाहरू प्राप्त गर्न अनिर्देशित अन्तर्वार्ता विधि अनुसार मुक्त प्रश्नहरू पनि सोधिएका छन्।

### १.१० शोधकार्यको प्रस्तुतिगत आधार

यस शोधप्रबन्धमा सम्बन्धित विषय सम्बन्धी विश्लेषणात्मक र विवेचनात्मक दृष्टिकोण राखिएको छ। शोधविधिका निम्ति चूडामणि बन्धुकृत **अनुसन्धान तथा प्रतिवेदन लेखन** (दो सं विसं २०६५) पुस्तकलाई आधार मानिएको छ। शोधप्रबन्धमा पाद टिप्पणी राख्ने, 'फन्ट'को आकार, पङ्क्ति माझ ठाउँ छोड्ने अनि वर्ण विन्यास आदिका निम्ति **नेपाली लेखन शैली** (प्र सं, सन् २०११) र **कालेबुङ प्रस्तावना** (प्र सं, २०१७)-लाई मूल आधार बनाइएको छ। शब्द चयन, शुद्ध लेखन र हिज्जेमा **प्रयोगात्मक नेपाली शब्दकोश** (प्र सं, विसं २०६१)-लाई आधार बनाइएको छ।

### १.११ शोधसामग्री स्रोत

प्रस्तुत शोधकार्यअन्तर्गत शोधसामग्री स्रोतका निम्ति प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतहरू उपयोग गरिएको छ। शोधकर्ता आफैले खोजेर, जोखेर, अध्ययन गरेर सङ्ग्रह गरेका सामग्री तथा विज्ञजनहरूसँग लिइएका अन्तर्वार्ता, व्यक्तिगत भेटघाट, पत्राचार, प्रश्नावलीजस्ता प्राथमिक स्रोतबाट लिएका सामग्रीहरू अन्तर्भुक्त गरिएको छ। पुस्तकालय, सङ्घ-संस्था, व्यक्तिद्वारा लिखित वा सङ्कलित पुस्तक, शोधपत्र, पत्रिका साथै दैनन्दिनी, जीवनवृत्त आदिलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ।

## १.१२ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको संरचना र अध्याय विभाजन निम्न प्रकारको रहेको छ-

| | |
|---|---|
| पहिलो अध्याय | शोधकार्यको परिचय |
| दोस्रो अध्याय | आधुनिक भारतीय नेपाली आख्यानको विषयपरक परिचय |
| तेस्रो अध्याय | आख्यानमा विषयपरक अध्ययनको अवधारणा र सिद्धान्त |
| चौथो अध्याय | प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन |
| पाँचौं अध्याय | उपसंहार र निष्कर्ष |
| | सन्दर्भ ग्रन्थसूची |